# निर्णयहरु :२०७२।०९।११

*निर्णय नं.१*

भू-उपयोग योजनामा उल्लेखित प्रावधानहरुलाई विषयगत मन्त्रालय तथा अन्तर्गत कार्यालयहरु लगायतका सरोकारवाला निकायहरुसँग आपसी समन्वय साझेदारी एवं सहकार्य गर्दै लागु गर्ने निर्णय गरीयो । यसको लागी उक्त नितिमा भए अनुसार एक कार्यदल गठन गरी अगाडी बढाइनेछ

*निर्णय नं.२*

राष्ट्रिय भवन संहिता विधेक २०६० लाई सरोकारवाला निकायहरुको आपसी सहयोग समन्वय एवं साझेदारीमा क्रमश: लागु गर्न प्रयास गर्ने निर्णय गरीयो ।

*निर्णय नं ३.*

सार्वजनिक जग्गाको पहिचान गरी संक्षरण गर्दै Open Space कायम राख्न यस न.पा.मा प्रतिनिधित्व गर्ने दलिय प्रतिनिधिको संयोजकमा सर्वदलीय समिति सहितको कार्यदल गठन गर्न सर्वदलिय वैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।

*निर्णय नं.४*

बस्ती विकास मापदण्ड २०७२ मा उल्लेखीत प्रावधानहरुलाई चालु वर्ष देखि नै लागु गर्दै लगीने छ । यसमा अस्पष्ट भएका विषयहरुको हकमा सम्बन्धित निकायमा निकाशाको लागी लेखी पठाइनेछ र उक्त निकायवाट निकास भई आय वमोजिम गरीनेछ साथै उक्त मापदण्ड विपरीत नहुने गरी यस न.पा.समग्र क्षेत्रहरुको सडक मापदण्ड (Right of Way) तोकी कार्य पकृया अगाडी वढाउन प्राविधिक परामर्श दाताको सहयोगमा तत्काल चालु वर्ष देखी नै लागु गर्ने गरी थप सडकको मापदण्ड तोक्न वोर्ड वैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।

*निर्णय नं.५*

पशु वधशालाको कार्यलाई व्यवस्थीत गर्न जिल्ला पशु सेवा कार्यालय लगायत सार्वजनिक नीजि साझेदारीमा गर्न आवश्यक पकृया  अगाडी वढाउन आवश्यक रकम (रु.२०००००।-) विनियोजन गर्ने निर्णय गरीयो ।

*निर्णय नं.६*

सडक, वत्ति व्यवस्थापनको लागि (रु.२०००००।-) आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरीयो ।

*निर्णय नं.७*

टोल विकास संस्था गठन गरी टोल तथा समाजको विकासको लागी न.पा. को अभियन्ताको रुपमा विकास गर्ने निति निर्णय गरियो ।

*निर्णय नं.८*

नगर स्तरीय राजश्व परामर्श समितिले दिएको सुझावलाई कार्यान्वयन गर्न आगामी चालु वर्ष  देखी नै घरजग्गा कर लागु गर्ने निर्णय गरीयो । साथै चालु वर्ष दखि नै एकीकृत सम्पत्ति कर सम्बन्धमा कार्यन्वयनको लागि आवश्यक पूर्वाधार तयार गर्दै लाने निर्णय गरियो ।

*निर्णय नं.९*

घर बहाल कर को हकमा स्थानिय स्वयत्त शासन नियमावलीमा उल्लेखीत प्रावधानहरुको लागी घर बहाल कर चालु वर्ष देखी नै संकलन गर्ने पकृयालाई उद्योग वाणिज्य संघको साझेदारीमा अगाडी वढाउने यसको लागि उद्योग वाणिज्य संघले १.५% कर न.पा लाई र ०.५% कर उद्योग वाणिज्य संघले लिइने छ ।

*निर्णय नं.१०*

नागरिकता वापतको अनूसुचि फारम सिफारीस गरेवापत यहि माघ महिना देखि प्रति फारम रु ३० चालु वर्ष देखी नै लिइनेछ ।

*निर्णय नं.११*

फोहोरमैला वजार व्यवस्थापनको कार्यलाई नगरपालिकाले निजी क्षेत्र सँगको साझेदारीमा .तथा सहकार्यमा गरिदै आएको कार्यलाई निरन्तरता दिने निर्णय गरीयो ।

*निर्णय नं१२*

वजारको फोहोरमैला व्यवस्थापन कार्यको लागी हाल नगरपालिकाले उठाउँदै आएको सेवा शुल्क वापतको राजश्व रकम न.पा. ले तोकेको दर रेटमा निजि क्षेत्रको समझदारीमा ठेक्का प्रकृया वाटरकम संकलन गर्ने निर्णय गरीयो

*निर्णय नं.१३*

वजारमा तोकेको मापदण्ड भन्दा बाहिर फोहोरमैला फ्याल्नेलाई प्रचलित कानुनमा व्यवस्था भए वमोजिम हाललाई कम्तीमा रु २०० देखी १००० सम्मको जरीवाना तोकी अशुल्क गर्ने निर्णय गरीयो।

प्रथम पटक-२००
दोस्रो पटक-५००
तेस्रो पटक-१०००

*निर्णय नं.१४*

शहरी स्वास्थ्य  क्लिनिक कार्यक्रम संचालन गर्न न.पा.लाई थप दिर्घकालीन आर्थिक दायित्व गर्ने गरी स्वास्थ्य सेवाको साझेदारी सहकार्य एवं समन्वयमा संचालन गर्न पकृया शुरु गर्ने निर्णय गरीयो ।

*निर्णय नं.१५*

यस न.पा. क्षेत्रमा वोटानिकल गार्डेन स्थापन तथा संचालन गर्न उपयुक्त क्षेत्रको पहिचान गरी वनस्पति विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

*निर्णय नं.१६*

यस न.पा. क्षेत्रमा वाल श्रम निषेध अभियानलाइ तिव्रताका साथ लागु गर्ने सम्वन्धीत निकायको सहयोग समन्वय सहकार्यमा कार्य आरम्भ गर्ने निर्णय गरीयो ।

*निर्णय नं.१७*

यस न.पा. क्षेत्रमा View Tower निर्माण गर्न उपयुक्त स्थान पहिचान गरी संस्कृति पर्यटन तथा नगरिक उड्यन मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरीयो ।

*निर्णय नं.१८*

यस न.पा. क्षेत्रमा पर्यटकीय प्रवर्द्धनको दृष्टिकोणले उपयुक्त वस्ती तथा क्षेत्र पहिचान गरी Home Stay संचालन गर्न आवश्यक पहल गर्ने निर्णय गरीयो ।

*निर्णय नं.१९*

यस न.पा.सँग अन्य न.पा. हरुको समन्वय साझेदारी सहकार्य सहयोको आदान प्रदान गर्न Sister City को सम्वन्ध कायम गर्न आवश्यक पहल गर्ने निर्णय गरीयो ।

*निर्णय नं.२०*

यस न.पा. क्षेत्रको लागी उद्योग वाणिज्य संघ सँगको साझेदारीमा One Product are Goods को अभियानलाई तिव्रता  दिन आवश्यक पहल गर्ने निर्णय गरीयो ।

*निर्णय नं. २१*

विकास प्रयासमा वातावरण मैत्री स्थानिय शासनलाई अंगिकार गर्ने निर्णय गरीयो ।

*निर्णय नं. २२*

वालमैत्री स्थानिय शासन अवधारणलाई कार्यक्रममा ल्याउने निर्णय गरीयो ।

*निर्णय नं. २३*

टोल विकास संस्थाको सहयोग समन्वय तथा सहकार्यमा फोहोरमैलालाई श्रोतमै गींकरण गरी व्यवस्थापन गर्ने निर्णय गरीयो ।

*निर्णय नं. २४*

यस न.पा. क्षेत्रको मुख्य बजारमा वजार व्यवस्थापनको सहयोगमा Rose City को रुपमा विकास गर्न रु. १०००००।-बजेट विनियोजन गर्ने निर्णय गरीयो ।

*निर्णय नं. २५*

श्रोत नक्सा तयार गर्न आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरीयो ।

*निर्णय नं. २६*

गरीवी विपन्नता तथ्याङ्कनको कार्य अगाडी वढाउन आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरीयो ।

*निर्णय नं. २७*

समुदायमा आधारित विपद् जोखीम व्यवस्थापन समिति गठन गरी कार्यान्वयन प्रकृया अगाडी वढाउन बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।

*निर्णय नं. २८*

चालु आ.व. भित्र नगर स्तरीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन प्रकृया अगाडी वढाउने निर्णय गरीयो ।

*निर्णय नं. २९*

निजी क्षेत्रको सहकार्यमा यस न.पा.को वजार क्षेत्रमा छाडा गाईवस्तु कार्यलाई नियन्त्रण गर्न नियमअनुसार प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

*निर्णय नं. ३०*

नगरपालिकाको जग्गा लगत कार्य लिन मालपोत कार्यालयसँग समन्वय गरी पहल गर्ने निर्णय गरीयो ।

*निर्णय नं. ३१*

यस न.पा. क्षेत्रको व्यावसायिक कर प्रयोजनको लागी Housing numbring गर्ने कार्य चालु वर्ष वाट सुरु गर्ने निर्णय गरीयो ।

*निर्णय नं. ३२*

Comprehensive Urban Development Plan को लागी सम्वन्धीत निकाय संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयसँग आवश्यक वजेट निकासा माग गर्ने निर्णय गरीयो ।

*निर्णय नं. ३३*

आगामी आ.व. देखी लेखा तथा राजश्वमा Software System लागु गर्ने निर्णय गरीयो ।

*निर्णय नं. ३४*

नगरपालिकाले निम्न क्षेत्रहरुलाई खुल्ला क्षेत्र तोकी मन्त्रालय मार्फत गृह मन्त्रलयमा समावेश गर्न बोर्ड बैठकलाई प्रात्यायोजन गर्ने निर्णय गरीयो ।

*निर्णय नं. ३५*

भविष्यमा आगलागीवाट हुन सक्ने विपद् जोखिम नियन्त्रण गर्न दमकलको लागी आवश्यक व्यवस्था हुन संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरीयो ।

*निर्णय नं. ३६*

यस न.पा.क्षेत्रको मुल सडकको दुवैतर्फ सरोकारवाला सँगको सहकार्य एवं समन्वयमा सडक बत्तिको व्यवस्थापन गर्न आवश्यक वजेटको व्यवस्था गरीएको छ ।

***निर्णय नं. ३७***

Land fild Side तत्कालै छनौट गरी सो को कार्यान्वयन प्रकृया अगाडी वढाउन वातावरणीय परीक्षण, प्राविधिक आर्थिक सहयोगको लागी संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय फोहोरमैला प्राविधिक केन्द्र सहयोगको लागी अनुरोध गर्ने निर्णय गरियो ।

***निर्णय नं. ३८***

आर्थिक वर्ष २०७२/७३ को आय व्ययको लेखा परीक्षण आ.ले.प. गरी अन्तिम लेखा परीक्षण नियमानुसार गर्न कार्यालयलाई अनुरोध गर्ने निर्णय गरीयो ।

***निर्णय नं. ३९***

यस कार्यालयमा कार्यरत सवै कर्मचारीहरु (सामाजिक परीचालकहरु)लाई समेत नगर परिषदको प्रारम्भिक प्रकृयामा कार्यालय समय अघि र पछी समेत खटीई आवश्यक सहयोग एवं समन्वय गरीरहेकोले प्रोत्साहन स्वरुप प्रचलित तलब स्केलको सात दिन वरावरको थप पारिश्रमिक आन्तरिक आयश्रोत बाट व्यहोर्ने गरी दिने निर्णय गरियो ।

***निर्णय नं. ४०***

यस नगरको लागी वाल उद्यान, पार्क उद्यान तथा पर्यटकिय दृष्टिकोणले Viwe Tower समेत निर्माण गर्नको लागी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरीयो ।

***निर्णय नं. ४१***

गत आ.व. ०७१/०७२ को अन्तिम लेखा परीक्षणले औल्याएका बेरुजु सम्परीक्षण गर्न आवश्यक पहल गर्नुका साथै प्रतिवेदनमा दिईएका सुझावलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ, साथै साविक गा.वि.स मा देखिएका पेश्की तथा वेरुजुलाई असुली गरी सम्परीक्षण गर्ने कार्य लाई अगाडी वढाउने कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

***निर्णय नं. ४२***

नगरस्तरीय राजश्व परामर्श समितिले दिएको सुझावहरुलाई समेत समेटि अनूसुचिमा तोकिए वमोजिमको दर रेटको आधारमा चालु वर्ष देखि नै घर जग्गा कर लागु गर्ने निर्णय गरीयो ।

***निर्णय नं. ४३***

पदपुर्ति समितिले गठन पश्चात हाल सम्म गरेका काम कार्वाहिको प्रतिवेदनलाई पारीत गर्ने निर्णय गरीयो ।

***निर्णय नं. ४४***

यस नगरपालिकाको स्थानिय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ को समिति र संस्थागत योजना तर्जुमा उपसमिति गठन गर्ने वारे वैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।

***निर्णय नं. ४५***

परामर्श दातावाट तयार गरी पेश गरिने निम्न कार्यविधि/निर्देशिका/योजना स्विकृत गर्न वोर्ड वैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।

क) कर्मचारी प्रशासन विनियमावली
ख) मर्मत संभार कोष कार्यविधि
ग) विपद् व्यवथापन कोष कार्यविधि
घ) नगर स्तरीय विपद व्यवस्थापन योजना तर्जुम (LDRMP)
ङ) कृषि तथा वन वातावरण समिति विनियमावली

***निर्णय नं. ४५***

नगर स्तरीय राजश्व परामर्श समितिले दिएको सुझाव तथा सिफारिसलाई यस परिषदबाट अनुमोदन गर्ने निर्णय गरियो ।

***निर्णय नं. ४६***

यस अघि गत आ.व. र हाल सम्ममा आगमी परिषदबाट अनुमोदन गर्ने भनी सर्वदलिय बैठक सहितको वोर्डवाट निर्णय भएका आयोजना, कार्यक्रम तथा प्रशासनिक खर्चहरु यस परिषदबाट अनुमोदन गर्ने निर्णय गरियो । साथै आ.व. ०७१/७२ मा भएका सम्पूर्ण चालु तथा पुजीगत खर्चहरु समेत अनुमोदन गर्नुका साथै फरफारक गरिएका आयोजनाको जाँचपासको कार्य समेत अनुमोदन गर्ने निर्णय गरियो ।साथै हाल सम्म भएका चालु तथा पुजिगत खर्च समेत अनुमोदन गर्ने निर्णय गरियो । साथै हालसम्म भएका चालु तथा पूजीगत खर्च र बोर्डबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरीयो ।

***निर्णय नं. ४७***

जिल्ला विकास समिति सँग राजश्व बाँडफाँड वापतको ३५% देखि ५०% सम्म मध्य यस क्षेत्र सँग सम्बन्धित कारोबारको ५०% माग गर्न जि.वि.स. रामेछापलाई अनुरोध गर्ने निर्णय गरियो ।

***निर्णय नं. ४८***

वसपार्क व्यवस्थापन सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघ रामेछाप, सम्बन्धित यातायात व्यवसायी, महासंघ, यस कार्यालय र शहरी विकास कोषको संयुक्त साझेदारीमा नियम अनुसार बसपार्क व्यवस्थापन गर्न शहरी विकास कोष (टि डि एफ)लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४९ :

जिल्ला विकास समितिको कार्यालयवाट यस कार्यालयमा काजमा आउनु भएका ना.सु. ढाल बहादुर कार्कीलाई साविकमा दिईदै आएको प्रोत्साहन भत्ता अर्को आदेश वा व्यवस्था नआउञ्जेल चालु बर्षमा समेत निरन्तर दिईने निर्णय गरियो । साथै साविकमा कार्यकारी अधिकृत र लेखापाललाई दिईदै आएको मासिक प्रोत्साहनलाई निरन्तर (आन्तरिक आयबाट) दिईने निर्णय गरियो ।

निर्णय नं. ५०

जिल्ला खेलकुद विकास समिति सँग आपसि सहकार्य एवं समन्वयमा नगरस्तरीय खेलकुद प्रतियोगिता गर्न आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरियो

निर्णय नं. ५१

यस परिषदले छनोट गरेका विभिन्न योजना कार्यक्रम तथा अन्य खर्चहरु मा मन्त्रालय तथा अन्य निकायवाट प्राप्त हुने निकासा रकम उपलब्ध हुने श्रोत र साधन आधारमा विनियोजन गरि वाडफाड गर्ने अधिकार वोर्ड वैठकलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५२

यस न.पा वाट संचालन हुन नसकेको योजना तथा कार्यक्रमहरुको लागी सम्वन्धित जिल्ला ,केन्द्र र अन्य निकायमा योजना तथा वजेट माग गर्न कार्यकारी अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५३

यस न.पा.मा कार्यरत सवै कर्मचारीहरुलाई सरकारी पोसाक सुविधाको लागी आन्तरिक आयश्रोतवाट व्यहोर्ने गरी वार्षिक रु ५०००।-दिने निर्णय गरियो ।

निर्णय नं. ५४:

स्थानीय स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६ (१) को खण्ड (ञ) को उपखण्ड (३) अनुसार यस न.पा. क्षेत्र भित्र रहेका ऐलानी तथा सरकारी जग्गाहरुको संरक्षण गर्न वोर्ड वैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५५ँ:

रु ५ लाख भन्दा वढि लागतको सवै आयोजना हरुको आयोजना सञ्चालन स्थलमा सार्वजनिक रुपमा सुचना पाटि राख्ने निर्णय गरियो ।

निर्णय नं. ५६ :

यस मन्थली नगपालीका कार्यालयवाट दैनिक सञ्चालन हुने सिफारिस दस्तुरमा अपाङ्गता र राहतको सिफारिस बाहेक अन्य सवै सिफारिसमा रु. १०० ।- र पञ्जीकरण जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद दर्तामा ३५ दिन पछि दर्ता हुन आएमा पञ्जीकरणमा रु.५० लिने निर्णय गरियो ।

निर्णय नं. ५७ :

यस मन्थलीनगरपालीकाकार्यालय भित्र रहेका व्यवसायीहरुले व्यावसाय दर्ता गर्दै आएको र समयमा नविकरण नगर्ने हरुलाई १० प्रतिशत जरिवाना लिई नविकरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ५८:

यस मन्थली नगरपालीका कार्यालय क्षेत्र भित्र रहेका R.C.C. भवनको नक्सापास गर्नको लागी 'ग' वर्ग सम्मको लागी प्रति वर्ग फिट रु. ५ का दरले मुल्याङ्कन गरि नक्सापास गर्ने निर्णय गरीयो ।साथै R.C.C. वाहेक ढुङ्गा माटो वास लगाएतको घ वर्गको घरको लागी प्रति वर्ग फिट रु १ का दरले लिने निर्णय गरियो ।

निर्णय नं. ५९ :

यस मन्थली नगरपालीका भित्र पर्ने सावीक गा.वि.स. अन्तर्गत कार्यरत स्वास्थ्य स्वयम सेविकाहरुलाई परिचालन तथा व्यवस्थापन गर्नको लागि आवश्यक वजेटको व्यवस्था मिलाउने निर्णय गरीयो ।

निर्णय नं. ६० :

यस मन्थली नगरपालीका कार्यालय भित्र रहेका स्वास्थ्य आमा समुह सञ्जाल मार्फत सुत्केरी सेवा कार्यक्रम सञ्चालनको लागिवजेट बिनियोजन गर्ने निर्णया गरीयो ।

निर्णय नं. ६१ :

कठजोर र सालु साविकगा.वि.स.को स्वास्थ्य सेवामा कार्यरत कर्मचारीलाई दिदैं आएकोमा प्रोत्साहन स्वरुप साविक रकममा वढोत्तरी गरी मासिक रु. ६००० ।- का दरले दशैखर्च समेत गरि जम्मा १३ महिनाको पारिश्रमिक दिने निर्णय गरियो । उर्पयुक्त सवै निर्णयहरु परिषदमा सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६२ :

जिल्ला खेलकुद विकास समिति,रामेछापको च.न.४८ मिति २०७२।०९।०६ को प्राप्त पत्रानुसार उक्त यस नगरक्षेत्र भित्रको सार्वजनिक जग्गा माग भएको सम्बन्धमा संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयको मिति २०७२।०४।३१ को वस्ती विकास,शहरी योजना तथा भवन निमार्ण सम्बन्धी आधारभूत मार्ग दर्शन,२०७२ को वुदां ६ मा **"सार्वजनिक ऐलानी,पर्ति जग्गाहरुलाई नेपाल सरकार ( मन्त्रीपरिषद्) को निर्णय विना कोही कसैलाई कुनैपनि प्रयोजनको लागि हकभोग हस्तान्तरण गर्न वा उपभोग गर्न सिफारिस गर्न पाइने छैन । "** उल्लेख भएकोले सोही बमोजिम र प्रचलित कानुनलाई समेत पालना गर्दै यस कार्यालयको तालुक मन्त्रालय ( संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय)समेतको पुर्व सहमति लिई मन्त्री परिषदको निर्णय वाट कार्य प्रक्रिया अगाडी वढाउन अनुरोध गर्ने निर्णय गरीयो ।

निर्णय नं. ६३ :

नगरपालिका फोहोर मैला व्यवस्थापन वापत रकम संकलन गर्न भदौ महिना देखी रु ५०००। का दरले सामाजिक परिचालक सरोज कार्कीलाई दिने निर्णय गरियो ।

निर्णय नं. ६४ :

रामेछाप पत्रकार महासंघको भवन निमार्णको लागी जिल्ला विकास समितिको कार्यालयमा अनुरोधको लागी पत्रचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ६५

परामर्शदाताबाट तयार गरिने निम्न कार्यविधि निर्देशिका योजना स्विकृत गर्न बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।

क) नगरस्तरिय विपद् व्यवस्थापन योजना तर्जुमा -LDRMP

निर्णय नं. ६६

निम्न बमोजिम कार्यविधि तथा निर्देशिका पारीत गरीयो ।

क. कर्मचारी प्रशासन विनियमावली
ख.कर्मचारी कल्याण कोष विनियमावली
ग.शाखा ईकाई तथा कर्मचारीको कार्यविवरण
घ. एकीकृत सम्पत्तिकर कार्यविधि
ङ.घरजग्गा कर कार्यविधि
च.व्यवसाय कर निर्देशिका
छ.वातावरण संरक्षण कोष
ज.फोहोरमैला व्यवस्थापन निर्देशिका
झ.टिप्फर संचालन निर्देशिका
ञ.टोल विकास संस्था गठन कार्यविधि
ट.दैवी प्रकोष उद्धार विशेष कोष निर्देशिका
ठ.नक्सापास निर्देशिका
ड.मर्मत संम्भार कोष निर्देशिका

थप नीति तथा कार्यक्रमहरु :

1. राष्ट्रिय भू-उपयोग नीति २०७२ मा उल्लेखित प्रावधानहरुलाई सरोकारवाला निकायहरु सँग समेत आपसी सहकार्य एंव समन्वय गर्दै क्रमशः लागू गरिनेछ ।
2. राष्ट्रिय भवन आचारसंहिता २०६० को मापदण्डलाई सरोकारवाला निकायहरु सँग समेत आपसी सहकार्य एंव समन्वय गर्दै क्रमशः लागू गरिनेछ ।

3. सार्वजनिक क्षेत्रको पहिचान गरी open space area तोकी संरक्षण गर्ने नीति लिइनेछ ।
4. शहरी विकास मन्त्रालयले वस्ती विकास मापदण्डलाई २०७२ लाई चालु वर्ष दखि नै लागु गर्ने नीति लिईनेछ ।
5. आगमी आ.व. देखि करको दायरा किटान गर्ने क्रममा: घर जग्गा कर चालु वर्ष देखि नै लागू गर्ने नीति लिइनेछ । साथै एकीकृत सम्पत्ति कर सम्बन्धमा चालु वर्ष देखि नै आवश्यक पूर्वाधार तयार गर्दै लगिने नीति लिइनेछ ।
6. उद्योग वाणिज्य संघको साझेदारीमा चालु वर्ष देखि घर वहाल कर संकलन गर्ने नीति लिइने छ ।
7. बजारको फोहोरमैला व्यवस्थापन हाल गरि आएको निजी क्षेत्रको साझेदारीमा गरिदै आएको कार्यलयलाई निरन्तरता दिइने छ ।
8. नगरपालिकाले शहरी विकास मन्त्रालय लगायत सरोकारवाला निकायहरु सँग आवश्यक समन्वय एंव सहकार्य गर्दै व्यवस्थित वसोवासको लागि मापदण्ड बनाई Land pooling कार्यक्रमहरुको अवधारणालाई अगाडि बढाउने नीति लिइएको छ ।

**वातावरण मैत्री स्थानिय शासन तर्फ :**

9. नगरपालिकाले टोल विकास संस्था गठन गरी उक्त संस्था सँगको सहकाय एंव समन्वयमा फोहोरलाई श्रोत मै वर्गिकरण गरी फोहोरमैला व्यवस्थापन गर्ने नीति लिइएको छ ।
10. नगरपालिकाले नगर क्षेत्रका मुल सडकको दाँया वाँया वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने नीति लिइने छ । यसको लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

११ नगरपालिकाले सार्वजनिक क्षेत्र, वसपार्क, मुख्य बजारमा सरोकारवाला निकाय सँग आवश्यक समन्वय एंव सहकार्यमा सार्वजनिक शौचालयको निर्माण गर्ने नीति लिइने छ । उक्त कार्य चालु वर्ष देखि नै शुरु गरिने छ ।

१२ नगरपालिकाले शहरी क्षेत्रमा मापदण्ड विपरितका प्लाष्ट्रिकको प्रयोगमा बन्देज लगाउन आवश्यक पहल गर्ने नीति लिइने छ ।

१३ नगरपालिकाले टोल बस्ती तथा वडा नागरिक मञ्च मार्फत सार्वजनिक जमिन र खोला किनारामा वृक्षरोपण गर्ने नीति लिइने छ । यसको लागि आवश्यक वजेट विनियोजन गर्ने नीति लिइएको छ ।

१४ नगरपालिकाले तोकिए बमोजिमका क्षेत्रहरुलाई खुल्ला क्षेत्र तोकी खुल्ला क्षेत्रमा समावेश गर्न संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय मार्फत गृह मन्त्रालयलाई अनुरोध गर्ने नीति लिइने छ ।

१५ चालु वर्ष भित्र नगरयातायात गुरुयोजना तयार गरी कार्यन्वयनमा ल्याइने छ ।

१६ सामाजिक सुरक्षा भत्ता वितरणलाई सरोकारवालाहरुको सहयोग एंव समन्वयमा क्रमश : बैकिङ प्रणालीमा आवद्धता गर्ने नीति लिइने छ ।

१७. नगर क्षेत्र भित्र पशु चौपाया नियन्त्रणका लागि काउजिङ हाउस निर्माण गर्ने नीति लिइने छ ।

१८. यस नगर क्षेत्रलाई खुल्ला दिशा मुक्त क्षेत्रको रुपमा घोषणा गर्न आवश्यक पूवार्धार तयार गर्ने नीति लिइने छ ।

१९. नगरपालिकाले भवन आचारसिंहता तथा भूकम्प प्रतिरोधात्मक तालिम दिएकाहरुलाई भवन आचारसंहिता तथा भूकम्प प्रतिरोधताक घर बनाउन प्रोत्साहन गर्ने नीति लिइने छ ।

२० ल्याण्डफिल्ड साईटको यथाशिघ्र पहिचान गरी आवश्यक प्राविधिक आर्थिक सहयोगको लागी फोहोरमैला व्यवस्थापन केन्द्र तथा अन्य संघ संस्था तथा केन्द्रमा अनुरोध गर्ने निति लिईने छ ।

२१ लक्षित वर्गका लागी महिला समुहको लागी निजामती तथा सरकारी सेवामा रोजगारीको लागि लोक सेवा आयोगको तयारी कक्षा संचालन गर्ने कार्य आगामी वर्षहरुमा निरन्तरता लिने निति लिईने छ ।

२२ यस नगरको वजार क्षेत्र अर्न्तगत अव्यवथित पार्किङ लाई निजी क्षेत्रको साझेदारीमा सेवा शुल्क लिई पार्किङ व्यवस्थीत गर्ने निति लिईने छ ।

२३ यस नगरपालिकाको सेवा प्रवाहलाई प्रचलीत कानुनलाई समेत मध्यनजर राखी अझ छिटो छरीतो र प्रभावकारी वनाउन आवश्यक पहल गर्ने निति लिईनेछ ।

२४ यस नगरको बजारको क्षेत्रलाई Rose city को रुपमा विकास गर्न प्रत्येक घरमा दुई वटा फुलको गमला सहित अनिवार्य राख्न निति लिईने छ ।

२५ नागरीक सचेतना केन्द्रको संस्थागत विकासको लागि आवश्यक सहयोग गर्ने निति लिईनेछ । यसको लागी आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

२६ यस नगरपालिकाको सेवाग्राही प्रतिको सामाजिक जवाफदेहिता बढाउनको लागी विकास योजनाहरुमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगीनेछ ।

२७ यस नगर क्षेत्र भित्रका छाडा पशुहरुलाई नियन्त्रण गर्न निजी क्षेत्रको साझेदारीमा आवश्यक पहल गर्ने निति लिईने छ ।

२८ करदाता जागरणका लागी घरदैलो कार्यक्रम तय करदाता शिक्षा कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२९ न.पा. क्षेत्रमा हुने गरेको वालश्रमलाई प्रचलित कानुन वमोजिम निषेध गर्ने निति लिईनेछ ।

३० नगरपालिकाले वर्षको कुनै महिनाको कुनै हप्तालाई सरसफाई सप्ताह घोषण गरी सरसफाई सप्ताह संचालन गर्ने निति लिइने छ ।

३१ नगरपालिकाले पर्यटन मन्त्रालय लगायत सरोकारवालाहरुको समन्वय एवं साझेदारीमा कम्तीमा एक बस्तीमा Home stay कार्यहरु समन्वय गर्ने निति लिईने छ

३२ नगरपालिकाले देश भित्र कै अन्य नगरपालिका सँग भगिनी सम्बन्ध कायम गर्ने निति लिईनेछ ।

३३ यस नगर क्षेत्रमा ऐतिहासिक स्थलको पहिचान गरी संरक्षण र उपयोग गर्ने निति लिईने छ ।

३४ यस नगरपालिकामा वालमैत्री स्थानिय शासनको अवधारणा कार्यान्वयनमा लैजाने निति लिईनेछ ।

३५ यस नगरपालिकामा एक वस्तु एक नगर कार्यक्रम संचालन गर्न उद्योग वाणिज्य संघ लगायत सरोकारवाला निकायहरुको सहयोग एवं सहकार्यमा गर्ने निति लिईने छ ।

३६ नगरपालिकाका कर्मचारीसँग कार्य सम्पादन सम्झौता गर्ने निति लिईनेछ ।

३७ नगरपालिकाले नगर क्षेत्रमा संचालन हुने नगर स्तरीय विकास निर्माण कार्यमा प्रयोग हुने सामग्रीको गुणस्तर मापदण्ड प्रयोग गरीने छ ।

३८ यस न.पा. क्षेत्रमा सडक तथा घरहरुको मेट्रीक प्रणाली कार्यान्वयन गर्ने निति लिईने छ ।